नेपाल सरकार

ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालयबाट स्वीकृत मितिः२०६८।११।१५

# निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने सुविधा सम्बन्धी कार्यविधि, २०६८

प्रस्तावना : निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजनाहरु र निजी क्षेत्रसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) भएका तर निर्माणमा जान नसकेका जलविद्युत आयोजनाहरुलाई नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणबाट सुविधा (Incentive) हरु प्रदान गर्न वान्छनीय भएकोले लोडसेडिङ न्यूनीकरण कार्ययोजना, २०६८ को दफा १ को देहायको खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (ऊर्जा मन्त्रालय) ले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने सुविधा सम्बन्धी कार्यविधि, २०६८"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

(३) यो कार्यविधि निजी क्षेत्रबाट सञ्चालित निर्माणाधीन जलविद्युत आयोजनाहरु र विद्युत खरिद बिक्री सम्झौता भएको तर निर्माण सुरु नभएका निजी क्षेत्रका जलविद्युत आयोजनाहरुलाई सुविधा दिने प्रयोजनको निमित्त लागु हुने छ ।

२. **निजी क्षेत्रका निर्माणाधीन जलविद्युत आयोजनाहरुलाई सुविधा दिने व्यवस्थाः** (१) निर्माणाधीन जलविद्युत आयोजनाका प्रवर्द्धकहरुले देहाय बमोजिमको विवरण खुलाई ऊर्जा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ :–

(क) आयोजनाको कुल लागत,

(ख) हालसम्म सम्पन्न कामको विवरण (इन्जिनियरबाट प्रमाणित),

(ग) हालसम्मको खर्च (इन्जिनियरबाट प्रमाणित),

(घ) हालसम्म वित्तीय संस्थाको लगानी र प्रवर्द्धकको लगानी र

(ङ) आयोजनाबाट व्यापारिक विद्युत उत्पादन हुने मिति [Commercial Operation Date (COD)] उल्लेख भएको कार्यतालिका ।

(२) ऊर्जा मन्त्रालयले उपदफा (१) बमोजिमको विवरण अध्ययन गरी नयाँ COD तय गर्नेछ ।

(३) ऊर्जा मन्त्रालयले आवश्यकता हेरी प्रति मेगावाट २ करोडमा नबढ्ने गरी प्रबर्द्धकलाई नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराएको ब्याजदरमा ऋण उपलब्ध गराउने छ ।

(४) उपदफा (२) बमोजिम तय गरिएको COD मा नै विद्युत उत्पादन भएको अवस्थामा बैंकको ऋण तिर्ने अवधि (Payback Period) सम्म नेपाल विद्युत प्राधिकरणद्वारा विद्युत खरिद बिक्री संझौता (PPA) को लागि निर्धारित विद्यमान Posted दर दिइने छ ।

(५) उपदफा (२) बमोजिम तय गरिएको COD विद्युत खरिद बिक्री सम्झौता (PPA) मा उल्लेखित RCOD बाट एक वर्षभित्र वा २०७१ चैत्र मसान्तमध्ये जो पहिला हुन्छ सो मितिसम्म विलम्ब बापतको जरिवाना मिनाहा हुनेछ ।

(६) बैंकको ऋण तिर्ने अवधि (Payback Period) तय गर्ने सम्वन्धमा ऊर्जा मन्त्रालय र प्रबर्द्धकको वार्ताको माध्यमबाट यकिन गरिने छ ।

३. <u>विद्युत खरिद बिक्री सम्झौता (PPA) भएको तर निर्माण सुरु नभएका आयोजनाहरुलाई सुविधा दिने व्यवस्था:</u> (१) विद्युत खरिद बिक्री सम्झौता (PPA) भएको तर निर्माण सुरु नभएका आयोजनाका प्रबर्द्धकले देहायको विवरण खुलेको कागजात पेश गर्नु पर्नेछ :–

(क) आयोजनाको कुल लागत,

(ख) लगानी गर्ने वाणिज्य बैंक/वित्तीय संस्थाको लगानी गर्ने प्रतिबद्धता पत्र र

(ग) २०७१।१२।३० ननाघ्ने गरी COD तय भएको निर्माण कार्यतालिका ।

(२) नेपाल सरकारले आवश्यकता हेरी प्रति मेगावाट २ करोडमा नबढ्ने गरी नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराएको ब्याजदरमा ऋण उपलब्ध गराउने छ ।

(३) बैंकको ऋण तिर्ने अवधि (Payback Period) सम्म नेपाल विद्युत प्राधिकरणद्वारा विद्युत खरिद बिक्री संझौता (PPA) को लागि निर्धारित विद्यमान Posted दर दिइने छ ।

(४) नयाँ COD (२०७१ चैत्र मसान्त) विद्युत खरिद बिक्री सम्झौता (PPA) मा उल्लेखित RCOD भन्दा पछिको मिति भए तापनि विलम्ब बापतको जरिवाना मिनाहा हुने छ ।

४. <u>तय भएको COD भन्दा ढिला गरी विद्युत उत्पादन भएमा विलम्ब बापतको जरिवानाको व्यवस्था:</u> (१) दफा २ र ३ मा उल्लेखित आयोजनाहरुले विद्युत उत्पादन तय गरिएको COD भन्दा ढिला विद्युत उत्पादन गरेमा देहाय अनुसारको विलम्ब बापतको जरिवाना लाग्ने छ :–

(क) ढिला भएको अवधि भरका लागि सुरुको विद्युत खरिद बिक्री सम्झौता (PPA) मा उल्लेख गरिएको खरिद दर दिइने छ र

(ख) ढिला भएको समयावधिका लागि सुरुको PPA मा उल्लेखित दरको २ (दुई) गुणा विलम्ब शुल्क लाग्ने छ ।

५. <u>सुविधा सिफारिस समितिको व्यवस्था:</u> (१) प्रवर्द्धकद्वारा प्रेशित विवरण अध्ययन गर्न, नयाँ COD तथा ऋण तिर्ने अवधि तय गर्न र सुविधा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहने छ :–

| | | |
|---|---|---|
| (क) | प्रमुख, नीति तथा वैदेशिक समन्वय महाशाखा, ऊर्जा मन्त्रालय | अध्यक्ष |
| (ख) | सु.इ. श्री दिनेशकुमार घिमिरे, विद्युत विकास विभाग | सदस्य |
| (ग) | श्री शेरसिंह भाट, निर्देशक, नेपाल विद्युत प्राधिकरण | सदस्य |
| (घ) | उपसचिव (कानून), ऊर्जा मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख, विद्युत शाखा, ऊर्जा मन्त्रालय | सदस्य-सचिव |

६. <u>सिफारिस समितिको सिफारिस स्वीकृति गर्ने व्यवस्था:</u> (१) दफा ५ बमोजिमको सिफारिस समितिको सिफारिस ऊर्जा मन्त्रालय (मा. मन्त्री स्तर) बाट स्वीकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ऊर्जा मन्त्रालयको निर्णय पश्चात सिफारिस समितिको अध्यक्षले प्रवर्द्धकसँग सुविधा दिने सम्बन्धी संझौता गर्ने छ ।

७. <u>मूल्य अभिवृद्धि कर (VAT) छुट दिने:</u> दफा ६ को उपदफा (२) बमोजिम संझौता भए पश्चात निजी क्षेत्रका निर्माणाधीन अवस्थामा रहेका जलविद्युत आयोजनाहरु र निजी क्षेत्रका विद्युत खरिद बिक्री सम्झौता (PPA) भएका तर निर्माणमा जान नसकेका जलविद्युत आयोजनाहरुलाई VAT छुट दिनका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयमा सिफारिस गर्नेछ ।